फोन 081-520151,520338,525323
टोलफ्री नं 1660 81 52052
फ्याक्स नं 081-525109
इमेल nepalgunjmun@gmail.com

# नेपालगंज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

---

## आगामी आ.ब.०८०/०८१ का लागि बेरोजगार व्यक्तिहरु सूचिकृतका लागि निवेदन दिने बारे सुचना ।

**सूचना प्रकाशन मिति :२०७९।११।०१**

प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि न्युनतम रोजगारीमा संलग्न हुनका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च नं ३३५ मिति २०७९/१०/२३ को पत्रानुसार मिति २०७९ फागुन महिना भित्र बेरोजगार व्यक्ति सुचीकरण गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले आफु स्थायी बसोबास गरेको वडा कार्यालयमा गई तोकिएको ढाँचामा पुर्ण विवरण सहित आवश्यक कागजात संलग्न गरी निवेदन दिनु हुन सुचित गरिन्छ ।

**निवेदन दिनका लागि आवश्यक कागजात :**

- तोकिएको ढाँचाको निवेदन
- निवेदकको नागरिकताको प्रतिलिपी
- निवेदकको नागरिकता जारी भएको जिल्ला फरक भएमा स्थायी बासोवास को प्रमाण खुल्ने कागजात
- अपाङ्गता तथा वैदेशिक रोजगारीको विवरण भरेको भए प्रमाण खुल्ने कागजात ।

**निवेदन दर्ता गर्दा ध्यान दिनुपर्ने:**

- सामजिक र आर्थिक अवसर बाट बन्चित महिला, आदीबासी, जनजाती, मधेसी, दलित तथा अन्य सिमान्तकृत समुदायलाई प्राथमिकतामा राखी न्युनतम रोजगारीमा संलग्न गराउने कार्यक्रमको उद्देश्य भएकोले यथार्थपरक र पूर्ण विवरण सहित आवेदन दिनुपर्ने ।
- न्युनतम रोजगारी बाहेक अन्य सुविधा सवै नागरिकले प्राप्त गर्ने हुदा यथार्थपरक विवरण भरेर मात्र आवेदन दिनुपर्ने छ । झुटा विवरण पेश गरी निवेदन दिएको पाइएमा नियमानुसार कारबाही गरिने छ ।
- १८ बर्ष पुरा भई ५९ वर्ष ननाघेको नेपाली नागरिक हुनु पर्नेछ ।
- चालु आ.ब २०७९/०८० मा सूचीकृत भएका बेरोजगार व्यक्तिले समेत आगामी आ.ब ८०/०८१मा सूचिकृत हुनको लागि अनिवार्य फारम भर्नु पर्नेछ ।

द्रष्टव्य : मापदण्ड र विवरण पुरा नभई आएका निवेदन मान्य हुने छैन । फाराम भर्दा अनिवार्य रुपमा निवेदकको परिवारका सवै सदस्यहरुको जन्मर्मिति, नागरिकता नं, जारी मिति, जारी जिल्ला आवश्यक पर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०७९/११/०१

शिव प्रसाद रिजाल
(प्रमुख प्रशासकीय अधिकृत)



CamScanner